# भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

सूचना ।　　　　　　　　　　सूचना ।।　　　　　　　　　　सूचना ।।।

जिल्ला रुपन्देही साबिक सुर्यपुरा वडा नं. ३ हाल गैडहवा गा.पा. वडा न. ६ बस्ने प्रशुराम अहिर ले साबिक देखि हाल सम्म जोत भोगमा रहेको जिल्ला रुपन्देही साबिक सुर्यपुरा गा.बि.स. वडा न. ९ख को तपसीलको कित्ता जग्गा सर्वे नापी भई दर्ता हुन छुट भएकोमा बुवा झगरु अहिर को मिति २०४५।०६।०५ गते र आमा केवली अहिरनी को मिति २०५०।०९।१० गते मृत्यु भइसकेकोले शेष पछिको हकवाला म प्रशुराम अहिर मात्र भएकोले मालपोत ऐन, २०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०।१०।११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मिति २०८०।१२।१४ मा भूमिसुधार तथा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन पेश गर्नुभएकोले माग निवेदन बमोजिम छुट जग्गा दर्ता गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ ।

<u>तपसीलको जग्गाको विवरण</u>

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा न. | सिट न. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | सुर्यपुरा | ९ | ९ख | २७५ | ०-१-५ | खाली | |

इति सम्बत् २०८० साल १२ महिना १५ गते रोज ५ शुभम् ।